# राजस्व न्यायाधिकरण काठमाडौं

**इजलास**

**माननीय अध्यक्ष श्री किशोर सिलवाल**

**राजस्व सदस्य श्री जीवन कुमार घिमिरे**

**लेखा सदस्य श्री डम्बर बहादुर कार्की**

**फैसला**

२०७५/०७६ सालको निर्णय नं. १०३

पुनरावेदन नं. ०७३-RB-०४७१

**मुद्दाः–बेरुजु भन्सार महसुल।**

| | |
|---|---|
| ललितपुर जिल्ला, ललितपुर उपमहानगरपालिका, वडा नं. ४ नक्खुमा करर्पोरेट तथा सम्पर्क कार्यालय भएको एन्सेल प्रा.लि.का तर्फबाट ऐ. का अधिकारप्राप्त कम्पनी सचिव एवम् कानून निर्देशक अम्बर बहादुर थापा................................१ | पुनरावेदक |

**विरुद्ध**

| | |
|---|---|
| वीरगञ्ज भन्सार कार्यालय, विरगञ्ज.........................................................१<br>ऐ. का भन्सार अधिकृत..................................................................१ | प्रत्यर्थी |

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**

निर्णय गर्ने अधिकारीः  प्रमुख भन्सार अधिकृत श्री सेवन्तक पोखरेल

निर्णय गर्ने कार्यालयः- वीरगञ्ज भन्सार कार्यालय, विरगञ्ज

निर्णय मितिः–२०७२/१२/१५

वीरगञ्ज भन्सार कार्यालय, वीरगञ्जबाट वेरुजु रकम दाखिला गर्ने भनी मिति २०७३।७।२६ को पत्र प्राप्त भई हेर्दा हाम्रो चित्त नबुझेको भनी भन्सार ऐन, २०६४ को दफा ६२(१) बमोजिम पुनरावेदक एन्सेल प्रा. लि. को यस न्यायाधिकरण समक्ष पुनरावेदन पत्र परी सुनुवाइका लागि आज यस इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार रहेको छ :-

## तथ्य खण्ड

१. महालेखा परिक्षकको कार्यालय काठमाण्डौ, डोर मुकाम वीरगञ्जबाट खटीएका टोलीले यस कार्यालयको आ.ब. ०७१/०७२ को लेखा परीक्षण हुंदा यस कार्यालयबाट जाँचपास भएका मालवस्तुहरु मध्ये **NCELL** प्रा.लि.ले निम्न नं. का प्रज्ञापन पत्रबाट पैठारी गरी लगेको **CONTROL SYSTEM**, पैठारी गर्दा हार्मोनाईज्ड बस्तु बर्गिकरणको शिर्षक ८५३८९० बाट क्रमश १० प्रतिशत भन्सार महसुल बुझाई जाँचपास गरेको देखिन्छ। तर सोही प्रकृतिको मालवस्तु **NCELL** ले त्रिभुवन अन्तराष्ट्रिय विमानस्थल भन्सार कार्यालयबाट शिर्षक ८५०४४० बाट १५% भन्सार महसुल र मु.अ.कर लगाई जाँचपास गरेको पाइयो। यसर्थ उक्त मालवस्तु ८५०४४० बाट १५% भन्सार महसुल र मु.अ.कर लगाई जाँचपास हुनु पर्नेमा अन्य दरवन्दी लगाई जाँचपास भएकोले छुट भएको ५ प्रतिशत भन्सार महसुल असुल हुनु पर्ने भन्ने वेरुजु औल्याएको देखिन्छ।

**NCELL** प्रा.ली. ले पैठारी गरी लगी छुट असुल गर्नु पर्ने रकम

| प्रज्ञापन पत्र नं.र दर्ता मिति | कारोवार मुल्य | छुट भन्सार महसुल दर | छुट भन्सार महसुल | छुट मु.अ.कर | जम्मा छुट |
|---|---|---|---|---|---|
| ८०६६८/२०१५/०६/२६ | १११२७५४०।- | ५% | ५५५८७७।- | ७२२६४।- | ६२८१४१।- |
| ८०६६८/२०१५/०६/२६ | ११७६०६८०।- | ५% | ५८८०३४।- | ७६४४४।- | ६६४४७८।- |
| | | | ११४३९११।- | १४८७०८।- | १२९२६१९।- |

२. महालेखा परिक्षाको कार्यालय काठमाण्डौ डोर मुकाम बीरगंजबाट खटिएको टोलीले औल्याएको बेरुजु असुल गर्नु पर्ने हो वा होइन बेरुजु कायम गर्न नपर्ने कारण भए आर्थिक कार्यविधि ऐन, २०५५, दफा १९(१) बमोजिम ३५ दिन भित्र महालेखा परिक्षणको कार्यालय काठमाण्डौमा जवाफ लेखी पठाउनु पर्ने हुँदा पैठारीकर्ता **NCELL** प्रा.ली ले घोषणा गरी लगेको भन्सार महसुल दरवन्दीको भाग ८५३८ लाई हेर्दा उक्त भागमा शिर्षक ८५.३५, ८५.३६ वा ८५.३७ का उपकरणहरुमा मुख्यतया वा पूर्णतया प्रयोगका लागी उपयुक्त पार्टपूर्जाहरु उल्लेख भई उक्त भन्सार महसुल दरवन्दीको संकेत नं. ८५३८.९०.०० अन्तर्गत तोकिएको मालवस्तु वाहेक अन्य मालवस्तु भन्ने संकेत नं. बाट पैठारी गरी लगेको देखिन्छ।

३. भन्सार महसुल दरवन्दीको भाग ८४०४ लाई हेर्दा विद्युतका ट्रान्सफर्मरहरु, स्टयाटिक कन्भर्टस (जस्तै रेक्टीफायर) इन्डक्टर भन्ने उल्लेख भई सोही भागको उपशिर्षकको संकेत नं. ८५०४.४०.०० मा स्टयाटिक कन्भर्टर भन्ने उल्लेख भएको पाइन्छ। एकिकृत भन्सार

महसुल दरवन्दीको सो संकेत नम्बरको महलमा चिन्ह दिइएको पादटिप्पणीमा **CONTROL** पर्ने भन्ने व्याख्या गरी प्रष्टै पारि राखेको हुँदा **CONTROL SYSTEM** लाई भन्सार महसुल दरवन्दीको नं. ८४०४.४०.०० बाट भन्सार महसुल बुझाई पैठारी गर्नु पर्नेमा गलत भन्सार महसुल दरवन्दीको संकेत नं. बाट सो **CONTROL SYSTEM** पैठारी गरी लगि कम भन्सार महसुल बुझाएकोले महालेखा परिक्षकको कार्यालय डोर मुकामबाट औल्याएको रकम छुट देखिएकोले भन्सार ऐन, २०६४ को दफा ७४(१) अनुसार उपरोक्त बमोजिमको छुट भएको रकम असुल उपर गर्ने तर्फ कारवाही अगाडी बढाउनु भन्ने समेत व्यहोराको बीरगञ्ज भन्सार कार्यालय, पर्सा बीरगञ्जको मिति २०७२/१२/१५ को निर्णय ।

४. उक्त निर्णय अनुसार वेरुजु रकम दाखिला गर्ने सम्बन्धको बीरगञ्ज भन्सार कार्यालय, पर्सा बीरगञ्जको मिति २०७३/०७/२६ को पत्राचार ।

५. अतः प्रत्यर्थीहरुले कानुनी त्रुटीपूर्ण तरिकाले अधिकारक्षेत्र बिहिन निकायको निर्देशन, निर्णय वमोजिम आफुले स्वतन्त्ररुपमा निर्णयसम्म नगरी प्राकृतिक न्यायको सिद्धान्त बिपरित हुनेगरी नलाग्ने भन्सार दरवन्दी लगाई नलाग्ने भन्सार महसुल र मूल्य अभिवृद्धि कर उठाउन दिएको मिति २०७३/०७/२६ को आदेश,कानून र न्यायसंगत नभएको स्पष्ट हुँदा उक्त आदेश,पत्र समेत बदर उल्टी गरी सो बमोजिमको भन्सार महसुल तथा मुल्य अभिवृद्धि कर समेत नलाग्ने, तिर्न बुझाउन नपर्ने फैसला गरी न्याय इनसाफ पाउँ भन्ने समेत व्यहोराको पुनरावेदक एन्सेल प्रा.लि.को मिति २०७३/१०/०२ को पुनरावेदनपत्र ।

६. यसमा मुलुकी ऐन,अ.व.२०२ नं बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकिलको कार्यालयलाई पेशीको सुचना दिई नियमानुसार पेश गर्नु भन्ने समेत व्यहोराको यस न्यायाधिकरणको मिति २०७५/०१/१० को आदेश।

७. यसमा, पुनरावेदक (**NCELL**) ले पैठारी गरी ल्याएको **CONTROL SYSTEM** लाई त्रिभुवन विमानस्थल भन्सार कार्यालयबाट भन्सार दरबन्दी ८५०४४० अन्तर्गत राखी १५ प्रतिशत भन्सार महसुल र मूल्य अभिवृद्धि कर लगाई जाचँपास गरेको पाइयो भनी महालेखा परीक्षकको कार्यालय, डोरमुकाम पर्साबाट आ.व. ०७१/०७२ को लेखा परीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार वीरगंज भन्सार कार्यालयबाट महसुल निर्धारण गरेको देखियो। सो सम्बन्धमा प्रतिवेदनमा उल्लेख भए बमोजिम यी पुनरावेदकले उक्त अवधिमा ल्याएको **CONTROL SYSTEM** पैठारी गर्दा १५ प्रतिशत भन्सार महसुल र मूल्य अभिवृद्धि कर तिरे नतिरेको सम्बन्धमा यकिन रुपमा उल्लेख गरी त्रिभुवन विमानस्थल भन्सार कार्यालयबाट यथाशिघ्र जवाफ मगाई नियमानुसार पेश गर्नु भन्ने समेत व्यहोराको यस न्यायाधिकरणको मिति २०७५/१०/१३ को आदेश।

## ठहर खण्ड

८. नियम बमोजिम साप्ताहिक तथा दैनिक पेसीसूचिमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा पुनराबेदन पत्र एवम प्राप्त सुरु मिसिल समेत अध्ययन गरियो ।

९. पुनरावेदक एनसेल प्रा.लि. को तर्फबाट उपस्थित हुनु भएका विद्धान अधिवक्ता श्री महेश थापा र कैलास प्रसाद न्यौपानेले पुनरावेदक एनसेल कम्पनीले आ.व. २०७१।०७२ को प्रज्ञापन पत्र नं. ८०६६८। सन् २०१५।६।२६ मा मूल्य रु. ११११७५४० र रु. ११७६०६८० का Control System का सामान पैठारी गर्दा हर्मोनाइज्ड बस्तु वर्गिकरण अनुसार नै शिर्षक ८५३८९० बाट बस्तुको परीक्षण गरी विरगंज भन्सार कार्यालयबाट जाँचपास गरी १० प्रतिशत भन्सार महसूल बुझाएको हो । बस्तुको गलत शिर्षक संकेत नं. राखी जाँचपास भएको होइन । पुनरावेदकले पैठारी गरेको मालबस्तु Control System भन्सार महसूल दरबन्दीको संकेत नं. ८४०४.४०.०० बाट १५ प्रतिशत दस्तुर लाग्नेमा छुट भएको ५ प्रतिशत भन्सार महसूल र मूल्य अभिवृद्धि कर समेत गरी रु. १२९२६१९।- असूल गर्ने गरी विपक्षी कार्यालयबाट भएको मिति २०७२।१२।१५ को आदेश गैरकानूनी हुँदा थप भन्सार महसूल र मूल्य अभिवृद्धि कर बुझाउनु पर्ने होइन भनी गर्नु भएको बहस समेत सुनियो ।

१०. प्रत्यर्थी कार्यालयको तर्फबाट उपस्थित हुनु भएका विशेष सरकारी वकिल कार्यालय काठमाडौंका शाखा अधिकृत श्री अन्चन भट्टराईले पुनरावेदक एनसेल प्रा.लि. ले सन् २०१५।६।२६ मा प्रज्ञापन पत्र नं. ८०६६८ बाट Control System का सामान पैठारी गर्दा भन्सार महसूल दरबन्दीको संकेत नं. ८४०४.४०.०० मा पर्ने र सो मालबस्तुको जम्मा मूल्यको १५ प्रतिशत भन्सार महसूल लाग्नेमा गलत संकेत नं. ८५३८९० उल्लेख गरी पैठारी गरेको Control System का मालबस्तुको मूल्यको रु. १० प्रतिशत मात्र भन्सार महसूल दाखेल गरेको देखिंदा छुट भएको ५ प्रतिशत भन्सार महसूल र मूल्य अभिवृद्धि कर समेत असुल गर्ने गरी वीरगंज कार्यालयबाट मिति २०७२।१२।१५ मा भएको निर्णय मनासिव नै हुँदा सदर हुनुपर्दछ भनी गर्नुभएको बहस समेत सुनियो ।

११. यसमा पुनरावेदक एनसेल प्रा.लि. ले सन २०१५।६।२६ मा प्रज्ञापन पत्र नं. ८०६६८ बाट Control System का सामान वीरगंज भन्सार कार्यालयबाट पैठारी गर्दा हर्मोनाइज्ड बस्तु वर्गिकरणको शिर्षक नं. ८५३८९० बाट क्रमश १० प्रतिशत भन्सार महसूल लगाई जाँचपास गरेको र महालेख परिक्षकको कार्यालयबाट निरिक्षण हुँदा पुनरावेदक कम्पनीले पैठारी गरेको Control System लाई भन्सार महसूल दरबन्दीको ८४०४.४०.०० बाट १५ प्रतिशत भन्सार महसूल बुझाउनु पर्नेमा गलत भन्सार महसूल दरबन्दीको संकेत नं.बाट कम भन्सार महसूल बुझाएको भनी बेरुजु देखाएको हुँदा सो रकम भन्सार ऐन, २०६४ को दफा ७४ (१) बमोजिम छुट भएको भन्सार महसूल र मूल्य अभिवृद्धि कर समेत गरी रु. १२९२६१९।- असूल गर्ने भनी विरगंज भन्सार कार्यालयबाट मिति २०७२।१२।१५ मा भएको निर्णयमा चित्त नबुझाई थप भन्सार महसूल र मूल्य अभिवृद्धि कर दाखेल गर्नु पर्ने

होइन भन्ने जिकिर सहित पुनरावेदक एनसेल प्रा.लि. को तर्फबाट प्रस्तुत पुनरावेदन पत्र आएको देखिन्छ ।

१२. उपरोक्तानुसारको तथ्य, पुनरावेदन तथा बहस जिकिर समेत भएको प्रस्तुत मुद्दामा शुरुको निर्णय मिलेको छ वा छैन ? र पुनरावेदकको पुनरावेदन जिकिर बमोजिम हुने हो वा होइन ? भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने देखिन आयो ।

१३. निर्णय तर्फ विचार गर्दा, पुनरावेदक एनसेल प्रा.लि. ले सन २०१५।६।२६ मा प्रज्ञापन पत्र नं. ८०६६८ बाट Control System का सामान वीरगंज भन्सार कार्यालयबाट पैठारी गर्दा हर्मोनाइज्ड बस्तु वर्गिकरणको शिर्षक नं. ८५३८९० बाट क्रमश १० प्रतिशत भन्सार महसूल लगाई जाँचपास गरेको भएको तथ्यमा विवाद देखिँदैन । NCELL प्रा.ली ले घोषणा गरी लगेको भन्सार महसुल दरवन्दीको भाग ८५३८ लाई हेर्दा उक्त भागमा शिर्षक ८५.३५, ८५.३६ वा ८५.३७ का उपकरणहरुमा मुख्यतया वा पूर्णतया प्रयोगका लागी उपयुक्त पार्टपूर्जाहरु उल्लेख भई उक्त भन्सार महसुल दरवन्दीको संकेत नं. ८५३८.९०.०० अन्तर्गत तोकिएको मालवस्तु वाहेक अन्य मालवस्तु भन्ने संकेत नं. बाट पैठारी गरी लगेको देखिन्छ।

१४. भन्सार महसुल दरवन्दीको भाग ८४०४ लाई हेर्दा विद्युतका ट्रान्सफर्मरहरु, स्टयाटिक कन्भर्टस (जस्तै रेक्टीफायर) इन्डक्टर भन्ने उल्लेख भई सोही भागको उपशिर्षकको संकेत नं. ८५०४.४०.०० मा स्टयाटिक कन्भर्टर भन्ने उल्लेख भएको पाइन्छ। एकिकृत भन्सार महसुल दरवन्दीको सो संकेत नम्बरको महलमा चिन्ह दिइएको पादटिप्पणीमा CONTROL मा पर्ने भन्ने व्याख्या गरी प्रष्टै पारि राखेको हुँदा CONTROL SYSTEM लाई भन्सार महसुल दरवन्दीको नं. ८४०४.४०.०० बाट भन्सार महसुल बुझाई पैठारी गर्नु पर्नेमा गलत भन्सार महसुल दरवन्दीको संकेत नं. बाट सो CONTROL SYSTEM पैठारी गरी लगि कम भन्सार महसुल बुझाएको भन्ने महालेखा परीक्षकको विभागको कार्यालयको निरिक्षण प्रतिवेदनबाट औंल्याएको देखिन्छ ।

१५. पुनरावेदक कम्पनीले सामान पैठारी गर्दा उल्लेख गरेको भन्सार दरबन्दी संकेत नं. मा नै Control System का मालबस्तु पर्दछन् भनी स्पष्ट रुपमा खुलाई सोको सबुत प्रमाण समेत पेश दाखिल गर्न सकेको अवस्था पनि देखिँदैन । भन्सार महसूल दरबन्दी शिर्षक उपशिर्षक नं. फरक पारी सोको दस्तुर समेत कम दाखेल भएको अवस्था देखिंदा देखिंदै पुनरावेदन लेखलाई मात्र आधार मानी अन्यथा भन्न सकिने अवस्था पनि यहाँ देखिँदैन । भन्सार ऐन, २०६४ को दफा ७४(१) मा **"यस ऐन वा प्रचलित कानून बमोजिम कुनै व्यक्तिले भन्सार कार्यालयमा बुझाउनु पर्ने महसुल, जरिबाना वा अन्य कुनै रकम कुनै मालवस्तुको मूल्याङ्कन वा वर्गीकरण गर्दा वा गणितीय भूल वा अन्य कुनै कारणले छुट भएको कुरा पछिबाट देखिन आएमा त्यसरी छुट भएको रकम त्यस्तो भन्सार कार्यालयले निजबाट तुरुन्त असूलउपर गर्नेछ**

।" भनी उल्लेख भएको र पुनरावेदक कम्पनीले पैठारी गर्दा मालबस्तुको भन्सार वर्गिकरण संकेत नं. फरक पारी कम महसूल दाखिल गरेको देखिंदा सो कानूनी व्यवस्था बमोजिम घटी भएको भन्सार महसूल दाखिल गराउन सक्ने कानूनी व्यवस्था भएको देखिन्छ । पुनरावेदकबाट भन्सार महसूल र मूल्य अभिवृद्धि कर समेत गरी जम्मा रु. १२,९२,६१९।- असुल गर्ने गरी मिति २०७२।१२।१५ मा भएको थप भन्सार महसूल निर्धारण सम्बन्धी आदेशलाई अन्यथा गर्नु पर्ने देखिंदैन । थप भन्सार महसूल तिर्नु बुझाउनु पर्ने होइन भन्ने पुनरावेदकको पुनरावेदन जिकिर र सोको समर्थनमा बहस गर्नु हुने विद्धान अधिवक्ताको बहस जिकिर समेतसँग सहमत हुन सकिएन ।

१६. अतः माथि विवेचित आधार कारणबाट छुट भन्सार महसूल असुल उपर गर्ने गरी भएको वीरगंज भन्सार कार्यालय, पर्सा वीरगंजको मिति २०७२।१२।१५ को निर्णय मिलेकै देखिंदा सदर हुने ठहर्छ । पुनरावेदकको पुनरावेदन जिकिर पुग्न सक्दैन । अरुमा तपसील बमोजिम गर्नू ।

<u>तपसील</u>

फैसलाको प्रतिलिपी सहितको जानकारी बिशेष सरकारी वकिलको कार्यालय काठमाण्डौलाई दिनू.........................................................................................................१

सरोकारवाला पक्ष नक्कल माग गर्न आए नियमानुसार लाग्ने दस्तूर लिई नक्कल दिनू.........................................................................................................२

प्रस्तुत फैसलाको विद्युतीय प्रति अपलोड गरी यस मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाई दिनू.......................................................................३

किशोर सिलवाल
(अध्यक्ष)

उक्त रायमा हाम्रो सहमति छ ।

डम्बर बहादुर कार्की
(लेखा सदस्य)

जीवन कुमार घिमिरे
(राजस्व सदस्य)

<u>फैसला तयारीमा सहयोग गर्नुहुनेः-</u>
शाखा अधिकृतः लेख बहादुर कोइराला
कम्प्यूटर टाइपः प्रदिप तिवारी

इतिसम्बत २०७५ साल चैत्र १४ गते रोज ५ शुभम......